# प्रधानमन्त्री ओलीको मधेश राजनीति : राजपालाई हरियो झण्डा, समाजवादीलाई सडक

जनभाव संम्वाददाता

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी र राष्ट्रिय जनता पार्टी नेपालबीच गत बुधबार आगामी माघ ९ गते हुने राष्ट्रिय सभाको निर्वाचनको लागि तालमेल भयो। त्यही तालमेल पनि एउटा कारण बन्यो समाजवादी पार्टीको मंगलबार भएको सत्ता बहिर्गमन। नेकपाको स्थायी कमिटी बैठक चलिरहेका बेला पार्टीभित्र कुनै जानकारी नदिइ राजपासँग भएको तालमेलप्रति नेताहरुले असतुष्टि जनाए। राजपासँगको चुनावी तालमेलको केही दिनमै उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीले सरकारबाट बाहिरियो।

समाजवादी दलको तर्फबाट सरकारमा नेतृत्व गरेर गएका उपप्रधान एवम् कानुन, न्याय तथा संसदीय मामिलामन्त्री उपेन्द्र यादव र सहरी विकास मन्त्री महोमद इस्तियाक राईले मंगलबार पदबाट राजीनामा दिए। सत्ताबाट बाहिरिएको संघीय समाजवादीका अर्का नेता बाबुराम भट्टराईले अब सडक आन्दोलनमा जाने बताउन थालेका छन्। प्रधानमन्त्री ओलीले यसअघिको मन्त्रिपरिषद् हेरफेर गर्दा सल्लाह नै नगरी यादवलाई स्वास्थ्यबाट कानुनमा आफूलाई सरुवा गरिको दिएको बताएका थिए। आफू भारतको राजधानी दिल्लीमा रहेका बेला ओलीले चालेको उक्त कदमलाई आपत्तिजनक भनेपनि यादवले अन्ततस् कानुन मन्त्रालयको कुर्सी पनि सम्हालेका थिए।

उनले संविधान संशोधनको सहमतिमा हस्ताक्षर गरेका ओलीले आफ्नो अपमान गरेको गुनासो गरेका छन्। करिब ६ महिनादेखि प्रमसँग बोलचाल बन्द रहेका यादवले सोमबारको मन्त्रिपरिषद्को बैठकमा सोझै संविधान संशोधन प्रस्ताव राखेपछि उनको सत्ता यात्रा सकिएको हो। मन्त्रिपरिषद्मा ओलीले बेला न कुबेला संविधान संशोधन हुन नसक्ने भन्दै यादवलाई जवाफ दिदै उनको प्रस्ताव अस्विकार गरेका थिए। यसपछि अपमानित भएको महसुस गरेका यादवले भोलिपल्टै सरकारको कुर्सी खाली गरिदिएका छन्। संविधान संशोधनको शर्तमा सत्तारोहण गरेका यादवको बहिर्गमन राजनीतिक उपलब्धी बिना नै भएको छ।

न त उनले नेकपासँग गरेको सम्झौता अनुसार संविधान संशोधन गराउन सके न त मधेस झरेर जनतालाई दिने उत्तर नै दिने उपाय नै निकाल्न सके। यादवले संविधान संशोधन प्रस्ताव पेश गर्दा प्रधानमन्त्री ओलीले अस्वीकार गरेपछि समाजवादीको सत्ता यात्रा सकियो। हुन लागेको राष्ट्रियसभाको निर्वाचनका लागि राजपासँग तालमेलबाट ओलीले समाजवादी र यादवमाथि राजनीतिक तीर हानेका थिए। राजपा अध्यक्षमण्डलका संयोजक राजेन्द्र महतोले नेकपासँगको सहमति राष्ट्रियसभाका लागि मात्रै भने पनि त्यसको अन्तिम गन्तब्य सत्तारोहण हुनसक्ने राजनीतिक विश्लेषकहरु बताउँछन्। हुनत शुरुका केही दिन छोडेर ओली र यादवबीच सरकारमा रहँदा कहिल्यै राम्रो सम्बन्ध रहेन। प्रधानमन्त्री ओलीले यादवलाई आफूखुसी चलेको बताइरहे भने यादवले आफ्नो मन्त्रालयमा प्रधानमन्त्रीले अनावश्यक हस्तक्षेप गरेको गुनासो पनि गरिरहे।

राष्ट्रियसभाको निर्वाचनको संघारमा नेकपाले मधेसकेन्द्रित दलमाथि फेरि नयाँ पासा फालेको छ। जसबाट राजपा बिना एजेन्डा सत्तामा पुग्दैछ भने समाजवादी बिना उपलब्धी सत्ताबाट बाहिरिएको छ। प्रधानमन्त्रीको सरकारी निवासमै पुगेर राजपाले नेकपासँग चुनावी तालमेल गरेको थियो। नेकपा र राजपासँग दुई बुँदे समझदारी पत्रमा समेत हस्ताक्षर भएको थियो।सहमति पत्रमा नेकपाका तर्फबाट अध्यक्षद्वय केपी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड र राजपाको तर्फबाट संयोजक राजेन्द्र महतोले हस्ताक्षर गरेका छन्।

राष्ट्रियसभा निर्वाचनका क्रममा प्रदेश दुईका लागि चार स्थानमा सहमति भएको छ। प्रदेश नम्बर २ को राष्ट्रिय सभा निर्वाचनका लागि रिक्त स्थानमध्ये अन्य पुरुष समूह र अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समूहको दुई स्थानमा राजपाका उम्मेदवारलाई नेकपाले सहयोग गर्ने सहमित भएको हो। महिला र दलित पुरुष समूहको दुई स्थानमा राजपा नेपालले नेकपालाई सहयोग गर्ने सहमति भएको छ। दुई दलबीच राष्ट्रिय राजनीतिका विषयमा नियमितरुपमा छलफल गर्ने र सहकार्यलाई अघि बढाउने अर्को सहमति पनि भएको छ।

दुई वर्षे कार्यकाल सकिन लागेका १८ सदस्यको निर्वाचन हुन लागेको छ। रिक्त हुने लागेका १९ मध्ये एक राष्ट्रपतिबाट मनोनित हुनेछन्। नियमित छलफल र सहकार्यमा प्रश्न नेकपा र राजपासँगको भएको सहमतिमा दुई बुँदे सहमति र सहकार्य गर्ने भन्नेमा नेताहरुले प्रश्न उठाएका छन्।

पार्टीभित्र यत्रो ठूलो निर्णय गर्दासमेत कुनै जानकारी नगराइएकोमा गम्भीर रुपमा ध्यानाकर्षण भएको नेकपाका स्थायी कमिटी सदस्य भीम रावल बताउँछन्। 'पार्टीको नेतृत्व तहबाट राजपासँग नियमित छलफल र सहकार्य रहने बुँदामा हस्ताक्षर भएको रहेछ' उनले भने, 'त्यस बिषयमा आफुहरुको ध्यानाकर्षण भएको छ।' प्रदेश २ सरकार फेरिने ! सहमतिले प्रदेश २ को सरकार परिर्वतन हुने सक्ने समेत आँकलन सुरु भएको छ। नेकपाले राजपालाई हातमा लिएरहेको बेलामा समाजवादीको राजीनामाले प्रदेश २ मा थप तरङ्ग पैदा भएको छ। राजपासँगको सहकार्यले प्रदेश २ को सरकार समेत परिर्तन हुने चर्चा चलिरहेको छ। समाजवादीलाई धक्का सत्ताधारी नेकपाले राजपासँग चुनावी तालमेल गर्दा समाजवादी पार्टीलाई धक्का पुगेको छ। समाजवादी पार्टी सरकारमै रहेको बेलामा राजपासँगको तालमेलले समाजवादीलाई धक्का पुगेको थियो। पहिलो दुई वर्षको कार्यकाल पूरा हुने सदस्यहरुमा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टीबाट ९ जना, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसबाट ७ जना, राजपा नेपालबाट दुईजना र समाजवादी पार्टीबाट एकजना छन्। राजपा नेपालबाट रमेशप्रसाद यादव, वृषेशचन्द्र लाल र समाजवादी पार्टी नेपालबाट रामपृत पासवानको कार्यअवधि सकिँदैछ। नेकपाले राजपासँगको तालमेल गरेपछि समाजवादी पार्टीको राष्टियसभामा नेतृत्व गर्ने समेत रहँदैन। नेकपाबाट युवराज खतिवडा, हरिचरण शिवाकोटी, बलराम बाँस्कोटा, मिना बुढा, राजकुमार कुँवर, कालिबहादुर मल्ल, युटोल तामाङ, खेमराज नेपाली र कमलाकुमारी ओली छन्। यस्तै, प्रतिपक्ष दल नेपाली कांग्रेसबाट सरिता प्रसाईं, मुक्ताकुमारी यादव, धनकुमारी खतिवडा, विन्दादेवी आले राना, सुरेन्द्रराज पाण्डे, दुर्गाप्रसाद उपाध्याय बद्रीप्रसाद पाण्डे बिदाइ हुँदैछन्।

# भ्रमर्ण वर्ष २०२० पर्यटन आधार वर्ष, प्रत्येक वर्ष दुई लाख नयाँ रोजगारी'

जनभाव संवाददाता

संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री योगेश भट्टराईले पर्यटन वर्ष २०२० नेपालमा पर्यटन तान्ने आधार वर्ष हुने बताएका छन्। उनले अबका पूर्वाधार भ्रमण वर्षलाई मात्रै लक्षित नभई दीर्घकालसम्मलाई केन्द्रित गरेर बनाइने र यो वर्ष आधार वर्ष हुने भट्टराईको भनाई छ। 'भ्रमण वर्ष २०२० एउटा अभियान हो। तर, यो एक वर्षको अभियानले पुग्दैन। एक दशकसम्म हामीले यसको लाभ लिन सक्छौँ। सन् २०२० आधार वर्ष हुनसक्छ' भट्टराईले भने। उनले भ्रमण अभियानलाई तीब्रता दिने र कुलगार्हस्थ उत्पादन (जिडिपीमा) पर्यटन क्षेत्रको योगदान बढाउने रोजगारी बढाउने जस्ता काम हुने बताए। 'अहिले पर्यटनको जिडिपीमा योगदान ३ प्रतिशत छ, यो योगदान १० प्रतिशत पुर्याउने लक्ष्य लिइएको छ' भट्टराईले भने 'प्रत्येक वर्ष पर्यटन क्षेत्रमा दुई लाख नयाँ रोजगारी, खर्च क्षमता ८० डलर पुर्याउने लक्ष्य राखिएको छ। अहिले खर्च क्षमता ४० डलर रहेको छ।' मन्त्री भट्टराईले भ्रमण वर्षको कारण सामाजिक आर्थिकस्तर बढाउने कार्यमा सहयोग पुगेको बताए। पूर्वाधार क्षेको विषमाय महत्वपूर्ण योगदान पुगेको पनि उनको भनाइ छ। उनले केही महिनाभित्र गौतमबुद्ध विमानस्थल र सन् २०२१ पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा आउने बताए। उनले कठमाडौंका जनप्रतिनिधिलाई उपत्यकाको सुन्दरता बढाउनको लागि पनि आग्रह गरेका छन् भने डाँडाकाडा जोगाउनको लागि पनि आग्रह गरेका छन्। उनले पदमार्गको संरक्षण गर्न स्थानीय सरकारसँग सरकार सहकार्य गर्न तयार रहेको प्रतिक्रिया दिए।


## कटारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**कटारी , उदयपुर**

**१ नं. प्रदेश नेपाल**

**प्रथम पटक प्रकाशित मिति २०७६/०९/०५ गते**

यस कटारी नगरपालिका वडा नं. ०२ अन्तर्गत तावा,ककरु र कमला नदीको संगम स्थलमा परम्परादेखि लाग्दै आएको त्रिवेणी (मैनी )मेला मिति २०७६/१०/०१ गते देखि २०७६/१०/१५ गतेसम्म व्यवस्थापन गर्नुपर्ने भएकोले सो व्यवस्थापन गर्न ईच्छुक व्यक्ति ,फर्म ,संस्था वा कम्पनीहरुबाट तपसिलमा लेखिएको र्शहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्ने गरी स्थानीय सरकार संचालन ऐन २०७४ र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम कबोल अंक ( कर वाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| ०५-२०७६/०७७ | त्रिवेणी मेला व्यवस्थापन | ५,००,०००। | १०००।– |

**ठेक्का शर्तहरु :-**

१. शिलबन्दी दरभाउपत्र फारम नगरपालिकाको कार्यालयको राजश्व शाखाबाट रु. १०००। (र्फता नहुने गरी ) बुझाई प्राप्त गर्न सकिनेछ। व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी र नं. को प्रमाणीत प्रतिलीपि समेत पेश गर्नुपर्नेछ भनै संस्थागत हकमा कानुन बमोजिम खरिद कार्यमा भाग लिन योग्य भएको कागजात पेश गर्नुपर्नेछ।

२. ठेक्काको बोलपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र खरिद गरी १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। तर प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। शिलबन्दी दरभाउपत्र खरिद गर्ने,दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

३. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरेको,म्याद नाघेको रित नपुगेको कुनै शर्त राखी पेश भएको शिलबन्दी दरभाउ पत्र उपर कुनै कार वाही हुने छैन।

४. बोलपत्र दिंदा न्युनतम कबोल अंक ५ प्रतिशतका दरले हुने धरौटी रकम नगद वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको धरौटी खाता नं २०५०३०३००७१०२ मा जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको सो रकम बराबरको जमानत शिलबन्दी दरभाउ पत्र साथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ।

५. शिलबन्दी दरभाउ पत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरी उल्लेख भएको हुनुपर्नेछ। अंक र अक्षर मा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता लिईनेछ।

६. शिलबन्दी दरभाउ पत्र दर्ता गराई सकेपछि संसोधन गर्न पाईने छैन।

७. प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सवै बोलपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत लगायत ठेक्का सम्बन्धि सम्पूर्ण अधिकार न.पा.मा रहनेछ।

८. शिलबन्दी दरभाउ पत्र स्वीकृत भएको फर्मले स्वीकृत ठेक्का सम्झौता हुनु अगावै आफुले कबोल गरेको अंक बराबरको नगदै रकम वा वा न.पा.को राजश्व खाता नं. २०५०३०४०२८२०२ मा जम्मा गरेको सक्कल भौचर न.पा.मा बुझाउनु पर्नेछ।

९. त्रिवेणी मेलामा आवश्यक सुरक्षाको व्यवस्थापन,सम्बन्धित निकायबाट मेलाको स्वीकृति तथा बजार व्यवस्थापन लगायत व्यवस्थापनका सम्पूर्ण कार्यहरु ठेकेदार स्वयम्ले गर्नुपर्नेछ।

१०. कवोल अंकको नियम अनुसार लाग्ने कर सम्बन्धित कर कार्यालयमा ठेकेदार स्वयम्ले बुझाई सोको प्रमाणीत जानकारी न.पा.लाई दिनुपर्नेछ।

११. कानूनले निषेध गरिएका खेल तमासा लगायतका कार्य गर्न पाईने छैन।

१२. अत्यावश्यक संरचना शौचालय, प्रहरी विट , न.पा. सेल व्यवस्थापन,अस्थायी टहरा ठेकेदारले गर्नुपर्नेछ।

१३. ठेक्का सम्बन्धी कर उठाईने र सो को दररेट तथा ठेक्का सम्बन्धि विस्तृत जानकारी कार्यालयबाट प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन,नियम तथा शिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछन्।

**कटारी नगरपालिका**